"पाँचखाल नगर-कृषि सहर"
# पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प. सं.:- 066/65
च. नं.:-

फोन नं. : ०११-४९९४५१
फ्याक्स नं. : ०११-४९९२६७

मितिः २०७७/१०/१३

# अबैध बालुवा/ढुंगा लिलाम विक्री सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७७/१०/१३

पाँचखाल नगरपालिका, नगरकार्यपालिकाको मिति २०७७/०४/२३ गतेको निर्णय बमोजिम आ.व. २०७७/७८ को लागि नगरपालिकाको वडा नं. ४ स्थित नगरपालिका परिसरमा अबैध रुपमा चोरी निकारीको क्रममा जफत गरी राखिएका कुल २३.६१ घन मिटर बालुवा तथा २.८ घन मिटर ढुंगा जे/जस्तो अवस्थामा छ सोही अवस्थाबाट उठाई लैजानका लागी शिलबन्दी बढाबढको आधारमा लिलाम विक्री गर्नु पर्ने भएकोले देहायको शर्तहरुको अधिनमा रही शिलबन्दी बढाबढमा सहभागी हुन ईच्छुक व्यक्ति वा फर्महरुले तोकिएको न्यूनतम अंकमा नघट्ने गरी आफ्नो कागजात सहित यस कार्यालयमा निम्न मिति, समय र स्थानमा उपस्थित हुन सर्वसाधारणको जानकारीको लागी सात (७) दिने सूचना प्रकाशन गरिएको छ ।

शर्तहरुः

१। यस सम्बन्धी बढाबढ फारम रु.१०००।— तिरी पाँचखाल नगरपालिकाको राजश्व शाखाबाट प्राप्त गर्न सकिने छ ।

२। यो सूचना प्रकाशित भएको मितिले ७ (सातौं) दिन भित्र कार्यालय समय सम्ममा बढाबढ फारम खरिद गर्न र ८ (आठौं) दिन दिनको १२:०० वजे भित्र बढाबढ फारम यस नगरपालिकामा दर्ता गर्न सकिन्छ साथै दर्ता भएका फारमहरु सोही दिन दिनको १:०० वजे खोलिनेछ ।

३। बालुवा लिलाम विक्रीको लागी न्यूनतम मूल्य रु.५२,०३२.८१।००(अक्षरुपी बाउन्न हजार बत्तीस रुपैया एकासी पैसा मात्र) (मूअक समेत) तथा ढुंगाको रु.६३२८।-।—(अक्षरुपी छ हजार तीन सय अठ्ठाईस मात्र) (मूअक समेत) बाट बढाबढ हुने ।

४। शिलबन्दी बढाबढ फारम साथ आफुले कबोल गरेको कूल रकमको पाँच प्रतिशत वा सो भन्दा बढी रकम यस कार्यालयको नेपाल बैंक लि. स्थित बैंक खाता नं. १२४०३०००००३००००००००१ मा जम्मा गरेको सक्कलै भौचर धरौटीका रुपमा समावेश गरेको हुनुपर्ने छ ।

५। लिलाम सकार गरेको मितिले ३ दिन भित्र आफुले कबोल गरेको रकम यस कार्यालयमा जम्मा गर्नुपर्नेछ ।

६। माथि उल्लेखित शर्तहरु बाहेकको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत